DCF ले बाल दुर्व्यवहार वा उपेक्षाको उजुरीका सम्बन्धमा अनुसन्धान गर्दा हामीले उजुरीमा भनिएअनुसार दुर्व्यवहार वा उपेक्षा भएको छ भन्ने कुरामा कुनै तार्किक व्यक्तिले विश्वास गर्छ कि गर्दैन भन्ने कुराको निर्णय गर्नु पर्ने हुन्छ । यदि त्यसको जवाफ "विश्वास गर्छ" भन्ने आयो भने उक्त उजुरी मान्य ठहरिन्छ र उक्त व्यक्तिको नाम बाल संरक्षण रजिस्ट्रीमा दर्ता गरिन्छ ।

## रजिस्ट्रीमा के कस्ता जानकारी रेकर्ड गरिन्छ?

1. व्यक्तिको नाम
2. उक्त व्यक्तिको पहिचान खुलाउने कम्तीमा एउटा अन्य तथ्य (जस्तै, जन्म मिति)
3. दुर्व्यवहार वा उपेक्षा भएको कुरा थाहा भएको मिति र त्यसको प्रकृति
4. बालबालिकालाई भविष्यमा हानि हुने जोखिमसँग सम्बन्धित बाल संरक्षण स्तर - जुलाई 1, 2009 वा त्यसपछि दर्ता गरिएका सबै रेकर्डहरूका लागि ।

## सर्वसाधारण व्यक्तिले उक्त रजिस्ट्री हेर्न पाउँछन्?

पाउँदैनन् । तर निम्न अवस्थामा हालका वा सम्भावित कर्मचारीहरूले उक्त रजिस्ट्री हेर्न पाउँछन्:

- जुन व्यक्तिको जाँच गरिँदै छ उक्त व्यक्तिले अनुमति दिएमा र
- बालबालिका, युवा/युवति वा जोखिमयुक्त समूहमा पर्ने वयस्कहरूसँग सम्बन्धित काम गर्दा

## म दोषी ठहर भएमा के हुन्छ?

तपाईंले समीक्षा गरिदिन अनुरोध गर्नुभयो र समीक्षकले उक्त निर्णय उल्टाएको अवस्थामा बाहेक तपाईंको नाम रजिस्ट्रीमा हालिने छ।

## मेरो रेकर्ड राखिएको खण्डमा त्यसले मलाई कस्तो प्रभाव पार्छ?

तपाईंले निम्न कार्यहरू गर्न खोज्दा उक्त रेकर्डले प्रभाव पार्न सक्छ:

- धर्म सन्तान ग्रहण गर्ने
- बाल स्याहार प्रदायक बन्ने
- फोस्टर सेवा/अस्थायी रूपमा स्याहार गर्ने सेवा प्रदान गर्ने
- बालबालिका, युवा/युवति वा जोखिमयुक्त समूहमा पर्ने वयस्कहरूसँग सम्बन्धित पदमा रहेर काम गर्ने वा स्वयंसेवा गर्ने

यदि सान्दर्भिक भएमा अरूले तपाईंको रेकर्ड माग्न सक्छन् । यसमा निम्न कुराहरू पर्दछन्:

- वयस्क/बाल संरक्षण निकायहरू
- बोर्ड अफ मेडिकल प्र्याक्टिस
- राज्यका अधिवक्ताहरू

## प्रमाणीकरणको समीक्षा

तपाईं दोषी ठहर भएका खण्डमा:

- **जनवरी 1, 1992 देखि अगस्ट 31, 2007 सम्म:**
  तपाईं जुनसुकै बेला उक्त निर्णयको समीक्षा गरिदिन अनुरोध गर्न सक्नुहुन्छ ।
- **सेप्टेम्बर 1, 2007 मा वा सो मितिपछि:**
  हामीले तपाईंलाई निम्न कुरा उल्लिखित पत्र पठाएको मितिबाट 14 दिनभित्र तपाईं उक्त निर्णयको समीक्षा गरिदिन अनुरोध गर्न सक्नुहुन्छ:
  - ⇨ हामीले रजिस्ट्रीमा तपाईंको हाल्न गर्न लागेका छौँ
  - ⇨ तपाईंसँग प्रमाणीकरणको समीक्षा गरिदिन अनुरोध गर्ने अधिकार छ

## मैले समीक्षा गरिदिन अनुरोध गरेँ भने के हुन्छ?

1. हामी स्वतन्त्र समीक्षकसँग हुने बैठकको मिति र समय तय गर्न तपाईंलाई सम्पर्क गर्ने छौँ ।
2. उक्त बैठकको मिति र समय तय भइसकेपछि हामी तपाईंलाई सो कुरा पुष्टि गर्ने पत्र र अनुसन्धानमूलक कागजातहरूको सम्पादित प्रतिहरू पठाउने छौँ (कानुनबमोजिम) ।
3. उक्त बैठकपछि समीक्षकले:
   - ⇨ प्रमाणीकरण कायम राख्न सक्नुहुन्छ
   - ⇨ त्यसलाई उल्टाउन सक्नुहुन्छ
   - ⇨ DCF लाई पुनः अनुसन्धान गर्ने निर्देशन दिन सक्नुहुन्छ
4. तपाईंलाई निर्णयसम्बन्धी पत्र पठाइने छ ।
5. समीक्षकले प्रमाणीकरण कायम राखेका खण्डमा:
   - ⇨ हामी रजिस्ट्रीमा तपाईंको नाम हाल्ने छौँ *(वा तपाईंको नाम हालिसकिएको छ भने त्यसलाई कायम राख्ने छौँ)*
   - ⇨ तपाईं ह्युमन सर्भिसेज बोर्ड (मानव सेवा परिषद्) सँग उक्त निर्णयविरुद्ध अपिल गर्न सक्नुहुन्छ

### तपाईंले तोकिएको समयभित्र समीक्षा गरिदिन अनुरोध गर्नुभएन भने:

- तपाईंको नाम रजिस्ट्रीमा हालिने छ *(वा हालिसकिएको छ भने त्यसलाई कायम राखिने छ)*
- उक्त निर्णयलाई अन्तिम निर्णय मानिने छ र त्यसपछि तपाईं *प्रमाणीकरणको समीक्षा* गरिदिन अनुरोध गर्न पाउनु हुने छैन

## रजिस्ट्रीबाट नाम हटाउनका निम्ति समीक्षा

तपाईं केही निश्चित वर्षपछि रजिस्ट्रीबाट आफ्नो नाम हटाउनका निम्ति समीक्षा गरिदिन अनुरोध गर्न सक्नुहुन्छ । तपाईंले उक्त समीक्षा अनुरोध गर्न कति वर्ष कुर्नु पर्छ भन्ने कुरा निम्न कुराहरूमा भर पर्छ:

- तपाईं कहिले दोषी ठहर हुनुभएको थियो
- तपाईंको बाल संरक्षण स्तर *(यदि छ भने)*

तपाईं रजिस्ट्रीबाट नाम हटाउनका निम्ति समीक्षा गरिदिन भनी कहिले अनुरोध गर्न पाउनुहुन्छ भन्ने बारेमा जानकारी प्राप्त गर्न संलग्न गरिएको फारामको पृष्ठ 1 पढ्नुहोस् । तपाईंको नाम यौन अपराधी रजिस्ट्रीमा हालिएको छ भने तपाईं नाम हटाइदिन भनी अनुरोध गर्न पाउनुहुन्न ।

### मैले समीक्षा गरिदिन अनुरोध गरेँ भने के हुन्छ?

1. तपाईं कुनै समीक्षक समक्ष जानकारी प्रस्तुत गर्ने अवसर पाउनु हुने छ । उहाँले निम्नलगायतका कारकहरूमाथि विचार गर्नु हुने छ:
   - ⇨ प्रमाणीकरणको प्रकृति र सङ्ख्या
   - ⇨ बितेको समय
   - ⇨ त्यस्तो घटना दोहोरिने सम्भावना छ कि छैन
   - ⇨ तपाईंले आफूलाई बदल्नका निम्ति चालेका कदमहरू
   - ⇨ तपाईंको चरित्रका सन्दर्भहरू
2. DCF कमिस्नरले गरेको निर्णयका बारेमा तपाईंलाई सूचित गरिने छ ।
3. तपाईंको अनुरोध अस्वीकार गरिएका खण्डमा तपाईं ह्युमन सर्भिसेज बोर्ड (मानव सेवा परिषद्) मा अपिल गर्न सक्नुहुन्छ ।

## समीक्षा गरिदिन अनुरोध गर्न

1. तपाईं अहिले समीक्षा गरिदिन भनी अनुरोध गर्न पाउनुहुन्छ कि पाउनुहुन्न भन्ने बारेमा जानकारी प्राप्त गर्न संलग्न गरिएको फारामको पृष्ठ 1 पढ्नुहोस् ।
2. केही समय निकालेर संलग्न गरिएको फारामको पृष्ठ 2 भर्नुहोस् ।
3. प्रश्नहरूको पूर्ण तथा सही जवाफ दिनुहोस् । *तपाईंले उक्त फाराममा सबै विवरण नभरेसम्म हार्मा तपाईंको अनुरोधको प्रक्रिया अगाडि बढाउन सक्दैनौं ।*
4. तपाईं कुन प्रकारको समीक्षा गरिदिन अनुरोध गर्न चाहनुहुन्छ भन्ने कुरा छनौट गर्नुहोस् ।
5. उक्त फाराम हुलाकमार्फत निम्न ठेगानामा पठाउनुहोस्:

   **Department for Children and Families**
   **Commissioner's Registry Review Unit**
   **HC 1 North, 280 State Drive**
   **Waterbury, VT 05671-1080**

**तपाईंसँग कुनै प्रश्नहरू छन् वा तपाईंलाई सहायता चाहिन्छ भने (802) 241-2321 मा फोन गर्नुहोस् ।**

**तपाईंसँग निम्न अधिकार छ:**

- **तपाईंलाई अङ्ग्रेजी भाषा राम्रोसँग आउँदैन भने निःशुल्क दोभासे सेवाहरू**
- **तपाईंमा कुनै अशक्तता छ भने त्यसका लागि उचित बन्दोबस्त**

02/19 • 12,500



# भर्मोन्टको बाल संरक्षण रजिस्ट्री

VERMONT
एजेन्सी अफ ह्युमन सर्भिसेज
डिपार्टमेन्ट फर चिल्ड्रेन एण्ड फ्यामिलिज